# लागु औषध नियन्त्रण ब्यूरो

**कोटेश्वर, काठमाण्डौं**

**(प्रशासन शाखा)**

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ४८४

मिति: २०८३।०४।२७ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### थाई गाँजा तस्करीको नयाँ प्रवृति खुलासा, १८ किलोग्राम सहित २ जना भारतीय नागरिक पक्राउ।

हवाई मार्ग हुँदे नेपाल आउने विदेशी यात्रुहरुको Profiling गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय त्रि.अ.वि. गौचरबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।२६ गते राती Cathay Pacific को उडानद्वारा थाईल्याण्डको बैङ्ककबाट हङकङ हुँदै नेपाल आएका भारतीय नागरिक SANJEEV KUMAR र RAVI KUMAR ले साथमा ल्याएको लागु औषध गाँजा लुकाएको लगेजहरु आगमन तर्फको भन्सार एरियामा छोडी भाग्न लागेको अवस्थामा निजहरुलाई थाईल्याण्डको **गाँजा १८ किलोग्राम** सहित पक्राउ गरी थप अनुसन्धान भईरहेको।

साथै थाईल्याण्डबाट गाँजा ल्याउने भारतीय नागरीकहरुले त्रि.अ.वि. आईपुगे पश्चात पक्राउबाट बच्न आगमन तर्फको भन्सार एरियामा लगेज छाडी जाने र केही दिन पछी नेपाली एजेन्ट मार्फत Claim गरी लैजाने योजना बनाएको खुल्न आएको।

**निम्न :-**

**पक्राउ प्रतिवादीहरुको विवरण :**

१. भारत पन्जाब ठेगाना भएका वर्ष ३६ को SANJIV KUMAR
२. भारत पन्जाव ठेगाना भएका वर्ष २६ को RAVI KUMAR

**बरामद दशी (सामान) को विवरण :**

१. **लागु औषध थाईल्याण्डको गाँजा १८ किलोग्राम**
२. Passport थान २
३. मोवाईल थान २
४. झोला थान ४



**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]